नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा) सिंहदरबार, काठमाडौं ।
फोन नं.: ०१-४२००५११
४२००३०४

पत्र संख्या :- स्था.त.स.शा./अन्य/फा.सं.-३/०७६/७७ मिति :- २०७६/११/२३
च.नं. :-३५६

श्री स्थानीय तह (सबै) ।

बिषयः- सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्तिजन्य पदार्थ निषेध गर्ने सम्बन्धमा ।

प्रस्तुत बिषयमा स्वास्थ्य कर कोषको सचिवालयको च.नं. २५५ प.स. ०७६/०७७ मिति २०७६/११/१९ को **सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्तिजन्य पदार्थ निषेध सम्बन्धी** प्राप्त पत्र संलग्न छ । सो सम्बन्धमा थप व्यहोरा अवगत गर्नुभई सोही अनुसार आवश्यक सहयोग र समन्वय गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

(राजकुमार वोहरा)
शाखा अधिकृत

<u>वोधार्थ :</u>
श्री स्वास्थ्य कर कोषको सचिवालय रामशाहपथ, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखा; **Website** मा **upload** गरिदिनुहुन ।

दर्ता
५५०
११।२२

क.प्र.म.

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# स्वास्थ्य कर कोषको सचिवालय

रामशाहपथ, काठमाण्डौ

पत्र संख्या :- ०७६।०७७

चलानी नं. :- २४५

मितिः- २०७६।११।१९

के.प्र.म.
१३८०
११।२२

दर्ता नं.:- ११६२५
मितिः- २०७६।११।२१

**विषयः** सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्तिजन्य पदार्थ निषेध गर्न स्थानिय तहहरूलाई पत्राचार गरिदिने बारे।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ,
सिंहदरबार, काठमाण्डौ ।

धूम्रपान तथा सूर्ति सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक छ। यसको सेवनले फोक्सोको क्यान्सर, मष्तिस्कघात, मुख तथा घाँटिको क्यान्सर हुनका साथै कम तौल भएको, अपाङ्ग र मरेको बच्चा जन्मन्छ। धूम्रपान तथा सूर्तिमा हुने निकोटिन तथा टार, कार्वन-मोनोअक्साईडले मुटु र फोक्सोको रोग लाग्दछ। सूर्तिजन्य पदार्थमा नाईट्रोसोमाईन र बेन्जोपाइरिन जस्ता क्यान्सरका कारक तत्व हुन्छन। सूर्तिजन्य पदार्थको प्रयोगको कारणले गर्दा प्रमुख चार वटा नसर्ने रोगहरु (क्यान्सर, दिर्घ श्वासप्रश्वास, मुटुरोग र मधुमेह) लाग्ने गर्दछ। प्रत्येक पाँच जाना मध्ये दुई जना व्यक्ति अरुले खाएको धुम्रपानको धुवाले पिडित हुन्छन। राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सूर्तिजन्य पदार्थ सेवनको कारणले गर्दा लाग्ने नसर्ने रोग र मृत्युदर अन्य कारण भन्दा उच्च रहेको पाईन्छ।

पछिल्ला दिनमा सूर्तिजन्य पदार्थको सेवनको दर युवा वर्गमा उच्च देखिएको छ। सूर्तिजन्य पदार्थको उपयोग महामारीको रुपमा देखापरेको छ। नेपालमा हरेक वर्ष करिब सत्ताईस हजार मानिसको मृत्यु सूर्तिजन्य पदार्थको प्रयोगको कारणले लागेको रोगबाट भएको पाईन्छ ।उक्त रोगको उपचारमा राज्यको अरबौं लगानि भएको छ ।

सुर्तिजन्य पदार्थको प्रयोगले वर्तमान र भविष्यका पिढिहरुको स्वास्थ्य, सामाजिक वातावरण र आर्थिक पक्षमा पर्ने असर र प्रभावबाट बचाउन र "सुखि नेपाली, समृद्द नेपालको" नारालाई साकार पार्न

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# स्वास्थ्य कर कोषको सचिवालय

रामशाहपथ, काठमाण्डौ

मितिः- २०७६।११।१९

पत्र संख्या :-
चलानी नं. :- २५५

सूर्तिजन्य पदार्थको प्रयोगलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिवृद्दि गर्न तथा सुर्तिजन्य पदार्थको आयत उत्पादन, विक्रि वितरण तथा सेवन गर्ने कार्यलाई न्युनिकरण, नियन्त्रण तथा नियमन गर्नका लागि २०६८ सालमा सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ र ऐ. नियमावली, २०६८ निर्माण भई कार्यान्वयन मा रहेको व्यहोरा विधितै छ।

उक्त ऐनको दफा ४ को उपदफ (१) मा कसैले पनि सार्वजनिक स्थलमा धुम्तपान तथा सूर्ति सेवन गर्न पाईने छैन भन्ने उल्लेख छ भने ऐ. ऐन दफा ५ मा व्यवस्थापकले आफुसँग सम्बन्धित सार्वजनिक स्थलको अवश्यकता अनुसार विभिन्न ठाउँमा धुम्रपान तथा सुर्ति सेवन गर्न नपाउने व्यहोराको सूचना सबैले देख्न र पढ्न सक्ने गरी टाँस गर्नु पर्छ भन्ने उललेख छ।

त्यसैगरी ऐ. ऐनको दफा १४ मा व्यवस्थापकले आफु सँग सम्बन्धित सार्वजनिक स्थलमा कसैले धुम्रपान तथा सुर्ति सेवन गरे वा नगरेको समय समयमा निरिक्षण गर्ने र निरिक्षण गर्दा कसैले धुम्रपान वा सुर्ति सेवन गरेको देखिएमा धुम्रपानवा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउनु पदर्छ भन्ने उल्लेख छ भने दफा १७ को उपदफा(१) को खण्ड (क) मा त्यसरी रोक लगाउदा नमाने वा पटक पटक धुम्रपान वा सूर्ति सेवन गरेमा निजलाई त्यस्तो सार्वाजनिक स्थलबाट बाहिर निकाल्ने वा एक सय रुपैया जरिवाना गर्नुपर्ने व्यवस्था उल्लेख छ। दफा १७ को उपदफा (५) को खण्ड (क) मा दफा ५ बमोजिम सुचना टाँस नगरेमा व्यवस्थापक लाई पाँच हजार सम्म जरिवाना गर्न सक्ने व्यवस्था उल्लेख छ । त्यस्तै ऐ. ऐनको दफा ३ को उपदफा (१) ले देहायका स्थललाई सार्वजनिक स्थल मानेको छ ।

क. राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय,
ख. शिक्षण संस्था, पुस्तकालय ,तालीम तथा स्वास्थ्य सम्बन्धी संस्था,
ग. विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन,
घ. बालकल्याण गृह, शिशु स्याहार केन्द्र वृद्धाश्रम , अनाथालय ,बाल उद्दान तथा क्लब,
ङ. सार्वजनिक शौचालय,
च. उद्योग तथा कल कारखानाका कार्यस्थल
छ. चलचित्र घर, साँस्कृतिक केन्द्र तथा नाट्यशाला
ज. होटल, मोटल, रिसोर्ट रेस्टुरेन्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रवास तथा अतिथि गृह,
झ. रङ्गशाला, कभर्डहल, शारीरिक सुगठनव्यायम केन्द्र पौडी पोखरी तथा पुल हाउस
ञ. डिपार्टमेन्ट स्टोर तथा मिनी मार्केट

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# स्वास्थ्य कर कोषको सचिवालय

रामशाहपथ, काठमाण्डौ

मितिः- २०७६।११।१८

पत्र संख्या :-
चलानी नं. :-

ट. धर्मशाला तथा धार्मिक स्थल

ठ. सार्वजनिक सवारीका प्रतिक्षालय र टिकट काउन्टर

उल्लेखित सार्वजनिक स्थलमा दफा ४ को उपदफा (१) तथा दफा ५ बमोजिमको सुचना टाँस नभएको भन्ने गुनासो बारम्बार आउने गरेको हुँदा, सबै स्थानिय तह अन्तरगतका सबै कार्यालयहरुमा कानूनले निर्दिष्ट गरेको सूचना पर्याप्त मात्रामा सबैले देख्नेगरि टाँस गर्ने व्यवस्था मिलाई कानुन कार्यान्वयनमा सहयोग पुर्याउनमा सबै स्थानिय तहहरुलाई पत्राचार गरिदिनुहुन सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन समितिको निर्णयानुसार अनुरोध गर्दछु ।

(पुस्कर राज नेपाल)
उप सचिव (कानून)